**रन्जित रे । सन् २०२१ । *काठमाडौँ डिलेमा : रिसेटिङ इण्डिया-नेपाल टाइज* । हरियाणा : भिन्टेज ।**

भारतीय शासकको नेपालप्रतिको दृष्टिकोण बुझ्नका लागि नेपालका लागि पूर्व भारतीय राजदूत रन्जित रेले लेखेको *काठमाडौँ डिलेमा : रिसेटिङ इण्डिया-नेपाल टाइज* उपयोगी पुस्तक हो । बितेको दशकका नेपालका महत्त्वपूर्ण राजनीतिक घटनाक्रमको साक्षी राजदूत रेले ती घटनावलीको चर्चा मात्र गरेका छैनन्, आउँदा दिनमा नेपाल-भारत बीचको सम्बन्धको रूपरेखा कस्तो हुनुपर्छ भन्ने अवधारणा समेत पुस्तकमा पस्केका छन् ।

भौगोलिक, सांस्कृतिक र अन्य विविध कारणले नेपाल र भारत निकट भए पनि दुवै मुलुकको एक अर्काप्रतिको बुझाइ निम्छरो छ । विभिन्न आग्रह र कतिपय विषयमा दुवै पक्षले एक अर्काप्रति बनाउने पूर्वाग्रही धारणाले आपसी सम्बन्धमा बारम्बार उतारचढाव समेत आउने गरेको छ । त्यसैले, दुई पक्षीय विषयमा उच्च नीति-निर्मातादेखि सर्वसाधारणजनलाई बुझाउन "अर्ध-प्राज्ञिक" र सरल शैलीमा आफूले पुस्तक लेखेको रेको दाबी छ ।

नेपाल-भारत सम्बन्धमा पुस्तक लेख्ने रे एक्ला भारतीय राजदूत होइनन् । यसअघि नेपालका लागि भारतीय राजदूत भएका श्रीमन नारायण र महाराजकृष्ण रसगोत्राले पनि यस विषयको वरिपरि पुस्तक लेखेका छन् । सन् १९६४ देखि तीन वर्ष नेपालमा राजदूत रहेका श्रीमन नारायणको *नेपाल इण्डिया रिलेशन : एन एक्सर्साइज इन ओपन डिप्लोमेसी* पुस्तक प्रकाशित छ । त्यस्तै, सन् १९७० को दशकमा नेपालमा राजदूत भए पछि भारतीय विदेश सचिव समेत बनेका रसगोत्राले *अ लाइफ इन डिप्लोमेसी* शीर्षकमा पुस्तक लेखेका छन् । उनको यो पुस्तकमा नेपालको प्रसंग समेत आउँछ ।

अघिल्ला राजदूतका पुस्तक झैँ रेको पुस्तक पनि आफू कार्यरत हुँदाको अनुभव र तात्कालिक समयका ठूला राजनीतिक घटनाक्रममा एक मुलुकप्रति अर्को मुलुकले जनाएको प्रतिक्रियामा तथा आपसी सम्बन्धमा आएका उतार-चढावमा केन्द्रित छन् । यो लामो अवधिमा विभिन्न राजनीतिक (र सरकार) परिवर्तनका बाबजुद भारतको नेपालप्रतिको आधारभूत हेराइमा खासै परिवर्तन नआएको यी पुस्तक केलाउँदा देखिन्छ : पहिले झैँ भारतले नेपाललाई अहिले पनि "ठूल्दाइ" सरह व्यवहार गर्छ र "सुरक्षा" को आँखाबाट मात्र हेर्छ । अनि, "रोटी-बेटी" र "धार्मिक-सांस्कृतिक" सम्बन्धको कुरा फगत देखाउने दाँत मात्र हुन् भन्ने बुझिन्छ ।

रन्जित रे चार वर्ष (सन् २०१३–२०१७) नेपालका लागि राजदूत हुँदा नेपालको पछिल्लो संविधान लेखियो । यो संविधान लेख्ने क्रममा र अझ खास गरी संविधानलाई अन्तिम स्वरूप दिने क्रममा ठूलै रस्साकस्सी भयो । भारतको "असहमति" का बाबजुद

नेपालले संविधान लागु गरेकाले नेपाल-भारत सम्बन्ध उनको पालामा बिग्रियो पनि । त्यस बाहेक, उनी भारतीय विदेश मन्त्रालयमा कार्यरत रहँदा लामो समयसम्म नेपाल मामिला हेरेका कारण पनि रेको पुस्तकप्रति धेरैको चासो र चर्चा छ ।

दश अध्यायमा विभाजित *काठमाडौँ डिलेमा*लाई मूलतः दुई खण्डमा बाँडेर हेर्न सकिन्छ । पुस्तकको पहिलो खण्ड दुई पक्षीय राजनीतिक सम्बन्धमा केन्द्रित छ भने दोस्रो खण्डमा दुई पक्षीय आर्थिक, ऐतिहासिक एवं सभ्यतागत सम्बन्ध, र नेपालमा चीनको बढ्दो प्रभावबारे चर्चा गरिएको छ । काठमाडौँमा राजदूत हुँदा खेप्नु परेका आलोचना र आफूले चालेका विभिन्न कदमहरूको बचाउमा रेको पुस्तक केन्द्रित छ ।

नेपालले सन् २०१५ मा नयाँ संविधान जारी गरेपछि भारतले नेपालमा नाकाबन्दी लगायो । यद्यपि, शुरूका दिनमा भारतीय नेता, उच्च अधिकारी र त्यहाँको नागरिक समाजले समेत भारतले नाकाबन्दी नलगाएको दाबी गरेका थिए । पछिल्लो समय भने सो नाकाबन्दी नै थियो र त्यो भारतले लगाएको थियो भन्नेहरूको संख्या उता पनि बढेको छ । भारतीय जनता पार्टीका नेताहरूले त सार्वजनिक रूपमा नै नाकाबन्दी गर्नु गलत भएको बताउन थालिसकेका छन् । तर, रेले आफ्नो पुस्तक मार्फत त्यो कुनै पनि हालतमा नाकाबन्दी नभएको, र मधेशवादी दलहरूले गरेको आन्दोलनका कारण नै नेपालमा आपूर्ती व्यवस्था रोकिएको भन्ने भाष्यलाई स्थापित गर्न खोजेका छन् । यद्यपि, पुस्तक पढ्दै जाँदा उनले प्रस्तुत गरेका विवरणहरूले नेपालको संविधानप्रति असन्तुष्टि जनाएर भारतले नाकाबन्दी लगाएको पुष्टि हुन्छ । उदाहरणका लागि, नाकाबन्दी शुरू भएपछि भारतले नेपाललाई संविधान संशोधन गर्न भनेको, संशोधनको लागि तात्कालिक परराष्ट्रमन्त्रीले भारतीय पक्षलाई पाँच बुँदे विवरण दिएको र संविधानको पहिलो संशोधन भएपछि नाकाबन्दी हटेको उनले लेखेका छन् ।

*काठमाडौँ डिलेमा*ले नेपालका प्रधानमन्त्री र नेताहरूसँग भारतीय अधिकारीहरूको पहुँच कति सहज छ भन्ने उजागर गर्छ । नेपालका सरकारी निर्णय, सूचना र घटनाक्रमबारे भारतीय अधिकारीहरू पर्याप्त जानकार रहने र उनीहरूलाई सूचना उपलब्ध गराउन नेपाली सरकारी कर्मचारी/सुरक्षाकर्मी र राजनीतिज्ञ लालायित हुन्छन् भन्ने तथ्य समेत पुस्तकले देखाउँछ । अनि, भारतीय राजदूतको पहुँच नेपालका प्रधानमन्त्रीको शयनकक्षसम्मै भएको पनि थुप्रै दृष्टान्त पुस्तकमा पाइन्छ । नेपालका तात्कालिक राष्ट्रपति रामवरण यादवले आफ्ना एक दूतलाई भारत पठाएर नेपालको राजनीतिबारे "ब्रिफिङ" गर्ने गरेको समेत पुस्तकमा उल्लेख छ ।

भारतीयहरूको एउटा प्रमुख सरोकार भारतले नेपाललाई बिघ्नै सहयोग गर्दा पनि किन नेपालीहरू आफूप्रति सकारात्मक र अनुगृहीत छैनन् भन्ने हो । सन् २०१५ मा नेपालमा ठूलो भूकम्प जाँदा होस् वा अन्य प्रकोप र विपद्को समयमा होस्, हामीले नेपाललाई

ठूलो सहयोग गर्‍यौँ, गर्छौं, तर पनि किन नेपालीहरू हामीलाई मन पराउँदैनन् भनेर भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले समेत दुखेसो गरेको रेले *काठमाडौँ डिलेमा*मा उल्लेख गरेका छन् ।

नेपाल मामिलाका सम्बन्धमा भारतीय पक्षको कमजोरीलाई समेत रेले बाहिर ल्याएका छन् । दिल्लीका नीति-निर्माताहरूसँग नेपालको मामिलामा पर्याप्त जानकारी नभएको भन्दै त्यसलाई सच्याउनको लागि उनले केही विकल्प अगाडि सारेका छन् । सीमा लगायतका दुई पक्षीय समस्याहरू समाधानको लागि नेपालका प्रदेश सरकारहरू र भारतीय प्रान्तहरूको बीचमा सीधै सहकार्य गर्न सकिने र त्यो सीमा समस्या समाधानको लागि सहयोगी हुने उनले उल्लेख गरेका छन् (पृ. १५४) ।

भारतको वैदेशिक मामिला मूलतः केन्द्र सरकारको मातहत रहे पनि पछिल्ला केही वर्षमा उसले आफ्ना विभिन्न प्रान्तहरूलाई समेत सक्रिय बनाउँदै आएको छ । विशेष गरी केन्द्र सरकारले सीमा जोडिएका छिमेकी मुलुकहरूका सम्बन्धमा लिने नीतिमा प्रान्तीय सरकारको प्रभाव बढिरहेको देखिन्छ । पूर्व राजदूत रेले नेपाल र भुटानको मामिलामा सुसूचित जानकारी प्राप्त गर्नका लागि प्रान्त सरकारलाई यी मुलुकहरूसँग सम्बन्ध अगाडि बढाउन अनुमति दिन सकिने उल्लेख गरेका छन् । भारतसँग सीमा जोडिएका मुलुकहरू अरू पनि छन् तर उनले नेपाल र भुटानको मामिला मात्र उल्लेख गरेका छन् । यसले उनको नेपाल प्रतिको हेराइलाई प्रस्ट्याउँछ । नेपालले उठाएका विषयहरू दूतावास र अन्य विभिन्न निकाय हुँदै लामो प्रक्रियापछि मात्र सम्बन्धित निकायमा पुग्ने उनले उल्लेख गरेका छन् । यसमा पनि परिवर्तन ल्याउनुपर्ने उनको सुझाव छ ।

नेपाल-भारतबीच सन् १९५० (राणा काल) मा भएको शान्ति तथा मैत्री सन्धि “असमान” भएकाले संशोधन गर्नुपर्छ भनेर नेपालले पटक-पटक भन्दै आएको छ । सोही अनुरूप सन्धि संशोधनका लागि सुझाव दिन सन् २०१६ मा दुवै मुलुकले एक संयुक्त प्रबुद्ध समूहको गठन गरेका थिए । उक्त समूहले आफ्नो प्रतिवेदन तयार गरिसके पनि भारत सरकारले त्यसलाई औपचारिक रूपमा बुझ्न मानेको छैन । सन्धि संशोधनका लागि भारतीय पक्षको अरुचि यसले देखाउँछ ।

सन् २०१४ मा भारतीय प्रधानमन्त्री मोदीले नेपाल भ्रमण गर्दा भारत सन्धि संशोधनको लागि तयार भएको सन्देश दिएको उल्लेख गर्दै रेले सोका लागि भारत सरकार तयार हुनुपर्ने उल्लेख गरेका छन् । भुटानसँग गरिएको यस्तै खालको सन्धि संशोधन हुनसक्छ भने नेपालसँग भएको सन्धि संशोधन हुन किन नसक्ने ? रेको प्रश्न छ । यद्यपि, नेपाल र भुटानको सन्दर्भ अलग्गै हो भन्ने कुरालाई उनले नियतवश उजागर गर्न नचाहेको जस्तो देखिन्छ ।

नेपालको आन्तरिक मामिलामा भारतले हस्तक्षेप गर्ने तथ्य “ओपन सेक्रेट” जस्तै छ । तर, रेले *काठमाडौँ डिलेमा*मा त्यसको बचाउमा निकै शब्द खर्चेका छन् । भारतीय

संस्थापन पक्षबाट नेपालमा "सूक्ष्म-व्यवस्थापन" र हस्तक्षेप जुन भइरहेको छ, त्यसका लागि उनले सम्पूर्ण दोष नेपाली नेता र अधिकारीहरूलाई लगाएका छन् । नेपाली पक्षले नै "सहयोग" मागेका कारण आफूहरू अगाडि आएको उनले धेरै ठाउँमा दाबी गरेका छन् । उदाहरणका लागि, आफ्नो कार्यकालमा नेपाल प्रहरीका प्रमुख (आईजीपी) नियुक्त गर्ने समयमा तात्कालिक गृहमन्त्रीले कसलाई नियुक्त गरौँ भनी सुझाव मागेको तथा आइजीपीका तात्कालिक चारै जना दावेदार सहयोगको याचना गर्दै दूतावासमा आएको रेले उल्लेख गरेका छन् ।

*काठमाडौँ डिलेमा* अध्ययन गर्दा भारतले नेपालको आन्तरिक राजनीतिमा पटक-पटक हस्तक्षेप गरेको बुझ्न सकिन्छ । तर, रे नेपालका धेरै राजनीतिक घटनाक्रममा भारतको हात नरहेको जिकिर गर्छन्, जबकि उनकै पुस्तकका विस्तृत घटनाक्रमले भने त्यसलाई खण्डन गर्छन् । उदाहरणका लागि, सन् २०१५ मा नेपालमा संविधान जारी भएपछि नेपाल कम्युनिष्ट पार्टी-एमालेका अध्यक्ष खड्गप्रसाद (केपी) ओली र तात्कालिक प्रधानमन्त्री एवं नेपाली काँग्रेसका सभापति सुशील कोइराला प्रधानमन्त्री पदका उम्मेद्वार थिए । भारतको चाहना कोइराला नै प्रधानमन्त्री होऊन् भन्ने रहेको र त्यसका लागि नेपालका केही राजनीतिक दलहरूसँग कुराकानी समेत गरेको रेले उल्लेख गरेका छन् । यद्यपि, भारतीय प्रयास कारगर भएन । त्यस्तै, भारतले नेपालका माओवादीलाई प्रश्रय नदिएको रेको दाबी छ । तर, पुस्तकमा समावेश घटनाक्रमहरूले भने भारतले प्रश्रय दिएको मात्र होइन्, तात्कालिक माओवादी र सात दलको बीचमा उसले वार्ता-संवाद गराएका दृष्टान्तहरू उल्लेख छन् ।

*काठमाडौँ डिलेमा* अध्ययन गर्दा नेपालका केही राजनीतिक दल र नेताप्रति रेको पूर्वाग्रह रहेको झल्किन्छ । नेपालमा राजदूत हुँदा वा नहुँदा उनले नेपालका राजनीतिक दल र नेताहरूसँग बारम्बार भेट्ने गर्दथे । नेकपा एमालेका अध्यक्ष ओलीसँगको कुराकानी र उनकै भाषामा ओलीको "दोहोरो चरित्र" लाई उनले बाहिर ल्याएका छन् । नेकपा माओवादी-केन्द्रका अध्यक्ष पुष्पकमल दाहालसँगको निजी कुराकानीका पनि धेरै विषय उनले उल्लेख गरेका छन्, तर दाहालको भने अलि सकारात्मक चित्रण त्यहाँ गरिएको छ । नेपाली काँग्रेसका नेता, माओवादीकै अर्का नेता बाबुराम भट्टराई र एमालेका अन्य नेतासँगको कुराकानीको प्रसंग भने एकदमै कम ठाउँमा मात्र पुस्तकमा उल्लेख गरिएको छ ।

समग्रमा भन्दा, नेपाल र भारत बीचको सम्बन्ध बुझ्न चाहनेहरूका लागि *काठमाडौँ डिलेमा* उपयोगी नै छ । यद्यपि, रेको यो "अकाउन्ट" लाई एक पूर्व राजदूतको दृष्टिकोणको रूपमा बुझ्न जरुरी छ । पुस्तकले केही विषयमा भारतीय संस्थापन-पक्षको आधिकारिक धारणा प्रतिनिधित्व गरे पनि सम्पूर्ण रूपमा भने गर्दैन । त्यस बाहेक, उनी राजदूत

हुँदाको भारतको नेपाल नीति र अहिलेको नीतिमा पनि केही परिवर्तन आइसकेको छ । नाकाबन्दीको आसपासमा लिइएका कतिपय नीतिलाई भारतले समीक्षा गर्दै "करेक्शन" समेत गरेको छ । त्यसैले, एक कालखण्डका घटनाक्रममा केन्द्रित भएर पूर्व राजदूतले लेखेको पुस्तकको सीमिततालाई पाठकले त्यसै गरी बुझ्नुपर्छ ।

**कमलदेव भट्टराई**
*अन्नपूर्ण एक्स्प्रेस*